# गंगाजमुना गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## फुलखर्क, धादिङ

**आ.व. ०७६/०७७ को लागि आन्तरिक आयको ठेक्का वन्दोवस्त गर्ने सम्वन्धी सिलवन्दी वोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७६।०६।१६**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ तथा प्रदेश आर्थिक विधेयक, २०७५ को दफा १८ को अनुसुचीमा ५ भएको व्यवस्था अनुसार गंगाजमुना गाउँपालिकाकोआन्तरिक आय संकलनको लागि राजस्व परामर्श समितिको सिफारीस र गंगाजमुना गाउँ कार्यपालिकाको निर्णय अनुसार आ.व. **२०७६**/७७ को ठेक्का सम्झौता भएको मिति देखि २०७७जेष्ठमसान्तसम्म को लागि देहाय वमोजिमको दररेटमा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन(IEE) मा उल्लेखितक्षेत्रहरुवाट स्वीकृत परिमाण भन्दा वढि उत्खनन् नहुने गरी रोडा, ढुंगा, वालुवा, ग्राभेल विक्री निकासीकर संकलनको ठेक्का लिन ईच्छुक(मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७५/०७६ सम्मको फर्म नवीकरण,आ.व. २०७४/०७५ को आयकर चुक्ता प्रमाण पत्र भएका) फर्म वा कम्पनीवाट तोकिएको न्यूनतम अंकमा नघटनेगरी निम्नानुसारको विषयेत्रक्षभित्र वोलपत्र खरिद गरी पेश गर्न यो ३० दिने सूचना प्रकासित गरिएको छ । रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलवन्दी वोलपत्र उपर कुनै कारवाही गरिने छैन । वोलपत्र सम्वन्धी अन्य विवरण गाउँकार्यपालिको web site www.gangajamunamun.gov.np वा वोलपत्र फाराममा खुलाइएको व्यहोरा सूचित गरिन्छ ।

| सि. नं. | ठेक्का नं. | ठेक्काको किसिम | विकी कर तथा शुल्क उठाउन पाउन विषय एवं स्वीकृत दररेटे | आ.व. ०७६/७७ का लागि कायम वार्षिक न्यूनतम अंक (मु.अ. कर वाहेक) | वोलपत्र फारामदस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | राजस्व १/०७६/०७७ | ढुङ्गा,गिट्टी, रोडा,वालुवा,ग्राभेल, विक्री कर संकलन कार्य । | **विक्री कर** ढुङ्गा, गिट्टी, वालुवा, रोडा,ग्राभेल, प्रति क्यू फिट ९।०० रुपैयानौ | ५६,०९,९९७००- ( छपन्नलाखनौहजार नौसयसन्तानब्बेरुपैया मात्र) - | ३०००।- | कवोल अंकको ५ (पाँच) प्रतिशत |

**नोट -:**यस सम्बन्धमा विस्तृत विवरणको लागि यस कार्यालयको वेवसाईड www.gangajamunamun.gov.np मा हेर्न सकिने छ ।

**वैंकको नाम नेपाल एस बि आइ वैंक, गंगाजमुना शाखा**
**वोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति२०७६/०७/१५कार्यालय समय भित्र ।**
**वैंक खाता न ४३०२५२४०६००००३ (धरौटीको लागि)**
**संचित कोष खाता नं. ४३०९५२४१२०७००१ वोलपत्र दता अन्तिम मिति२०७६/०७/१७ दिनको १२:०० वजेसम्म**
**वोलपत्र खोल्ने मिति : २०७६/०७/१७ दिनको १ :०० वजे**

शर्तहरु :

१.बोलपत्र फारमसाथ धरौटी वापत कवोल अंकको पाँच प्रतिशतले हुने जमानत वापतको रकम नेपालएसबिआइ वैंक, गंगाजमुना शाखा धादिङमा रहेको धरौटी खाता नं. ४३०२५२४०६००००३ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचनामा जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ।

२. ठेक्का अवधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर अन्य लगायतकाकरहरु ठेकेदार स्वंयले व्यहोर्नु पर्नेछ ।

३. ठेकेदारले वन प्राकृतिक वातावरण(भू-संरक्षण तथा वातावरणीय संतुलन) लाई हानी नोक्सानी नहुनेगरी आखुखोला(बगुवाखोला, अमिलि फेदी, विराले ओढार, साल्दुम टारी को क्षेत्र) र बुढीगण्डकी नदीको ( सेतीबगर र गन्दाधारी को क्षेत्र )तोकीएको स्थानबाट ग्रावेल, ढुङ्गा , गिट्टी र वालूवा झिकी जिल्लाभित्र व्यापारिक तथा निजी तथा सरकारी काममा प्रयोग हने ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल र रोडाका समेतमा संकलन तथा विक्री शुल्क उठाउन पाइने छ ।

४. क्रसरको हकमा नियम संगत दर्ता भएको क्रसर मात्र सञ्चालन हुने भएकोले ति उद्योगहरुबाट उत्पादित निर्माण सामाग्रीमा मात्र कर लिन पाईने छ ।

५. निजि जग्गाबाट निस्कने कच्चा पदार्थबाट गट्टी गर्दा प्रसोधन नभए सम्म गाउँपालिका भित्र विक्रीकर लिन नपाउने तर उद्योगहरुबाट प्रशोधित भई उत्पादित माल वस्तुमा निकासी तथा विक्री कर लिन पाईने छ ।

६. पूल, कल्भर्ट, कजवे, सडक, वाटो तथा सार्वजनिक निर्माण स्थलवाट दुवैतर्फ तोकिएको ५०० मिटर सम्म ढुङ्गा, गिट्टी,मटर सम्म वालुवा, ग्रावेल र रोडा निकाल्न पाईनेछैन।

७. ढुङ्गा, गिट्टी, वालुवा, ग्रावेल र रोडा आदि सामाग्रीको कारोवार गर्दा बालश्रमको प्रयोग गर्ने र वातावरणमा प्रतिकूल असर पर्ने प्रविधि अपनाउन पाईने छैन।

८. सरकारी कार्यालयबाट लगाइने ठेक्का पट्टामा प्रयोगढुङ्गा,हुनेगिट्टी, वालुवा, ग्रावेल र रोडामाकर वा शूल्क नलाग्ने भनि सम्झौतामा उल्लेख भै यस कार्यालयको स्वीकृत पत्र प्राप्त भएकोमा वाहेक अन्य ठेक्का पट्टामा बिक्रीकरउठाउन पाईनेछ।

९. कार्यालयले सम्झौता गर्दाका वखत ठकेदारलाई प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदन प्रतिबेदनको प्रतिलिपि उपलब्ध गराइने छ । ठेकेदारले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन(IEE) वा उल्लेखित प्रावधान विपरित प्रतिवेदनले निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामग्री उत्खनन गर्न पाईनेछैन । साथै बन्द हडताल आदिका कारण केहि दिन काम सूचारु नभएको अवस्थामा समेत कुनै पनि क्षति पूर्ति पाइनेदावी गर्नपाईन छैन।

१०. बोलपत्र स्वीकृत गर्न आसयको सुचना प्राप्त गरी निर्धारित समयमा कार्यालयमा सम्झौता गरी सक्नु पर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुनेछ ।

११. बोलपत्र स्वीकृत रकम बमोजिमको प्रथम किस्ता ३० प्रतिशत रकम बुझाई सम्झौता गर्नु पर्नेछ र बाँकी अवधिको लागि वार्षिक कवोल ७० प्रतिशत अंकको बराबर रकमको २०७७ कार्तिक मसान्त सम्म मान्य अवधि भएको नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकको(बैंक ग्यारेन्टी/परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।

१२. ठेक्काको बाँकी दुई किस्ता रकम क्रमश:दोश्रो किस्ता पौष मसान्त,तेश्रो किस्ता २०७७ बैशाख मसान्त भित्र बुझाइसक्नु पर्नेछ ।

१३. ठेकेदारले उठाउने कर यस कार्यालय द्वारा तोकेको संकलन केन्द्रमानै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाईने छैन ।

१४. बोलपत्रदाताले खामको बाहिरपट्टी ठेक्काको नाम गंगाजमुना गाउँ कार्यपालिका भनि प्रष्ट बुझ्ने गरी लेख्नु पर्नेछ र वोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१५. यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिइने छैन ।

१६. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१७. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार नभएको र कुराको हकमा प्रचलित कानून स्थानीय सरकार ऐन २०७४ बमोजिम हुनेछ ।

१८. यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

मिति २०७६/०६/१६ गते अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित सुचना